# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ४, संख्याः ३, जेठ ४ गते, २०७७ साल


व्यास नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको संशोधित कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

# कृषि व्यवसाय प्रवर्द्धन तथा नियमन कार्यविधि, २०७७

कार्यपालिकाबाट स्वीकृत मितिः २०७७।२।२

**प्रस्तावनाः** व्यास नगरपालिका क्षेत्र भित्रको कृषिको व्यवसायीकरण गर्न, कृषि व्यवसायको प्रवर्द्धन एवं कृषि, पशु व्यवसायको व्यवस्थापन गर्न, कृषक एवं कृषि व्यवसायी बिच आपसी सम्बन्ध सुदृढ गर्न तथा कृषि, पशु व्यवसायको माध्यमद्वारा आत्म निर्भर नगरपालिकाको लागि उत्पादन बढाउन र बजारीकरण गरी व्यवसायिक रुपमा समग्र कृषि विकासका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

व्यास नगरपालिका स्थानीय कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७४ को दफा ३६ र व्यास नगरपालिकाको प्रशासकीय (कार्यविधि नियमित) गर्ने ऐन २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी व्यास नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम “कृषि व्यवसाय प्रवर्द्धन तथा नियमन कार्यविधि, २०७७” रहेको छ ।

(२) यो कार्यविधि व्यास नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,**

(क) “नगरपालिका” भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम गठित व्यास नगरपालिका सम्झनुपर्छ ।

(ख) “कार्यविधि ” भन्नाले “ व्यास नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन तथा ीनयमन कार्यविधि, २०७७ सम्झनुपर्छ ।

(ग) “कृषि” भन्नाले अनुसूची (१) मा उल्लेखित भएका विषयसँग सम्बन्धित कृषि व्यवसायलाई सम्झनुपर्छ र सो शब्दले व्यवसायिक कृषि समेत सम्झनुपर्छ ।

(घ) “ऋण” भन्नाले वित्तीय संस्था वा आर्थिक कारोवार गर्ने संस्थाले प्रदान गर्ने सहुलियत ऋण रकम सम्झनुपर्छ ।

(ङ) “अनुगमन समिति” भन्नाले यस कार्यविधि बमोजिम गठित अनुगमन समिति सम्झनुपर्छ ।

(च) “कर्मचारी” भन्नाले जुनसुकै तवरबाट नियुक्त भई जुनसुकै श्रोतबाट पारिश्रमिक प्राप्त गर्ने व्यास नगरपालिकामा कार्यरत विभिन्न तह र श्रेणीका कर्मचारी सम्झनुपर्छ ।

(छ) “कृषक” भन्नाले यस कार्यविधि बमोजिम कसैको जग्गा भाडामा लिई वा आफ्नै जग्गामा व्यवसायिक रुपमा गरिने कृषि खेती गर्ने कृषक, कृषक समूह, कृषि व्यवसायी, कृषि फर्म र कृषि सहकारी समेत सम्झनुपर्छ ।

(ज) “पदाधिकारी” भन्नाले व्यास नगरपालिकाका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्ष, कार्यकारीणी सदस्यहरू, वडा सदस्य र व्यास नगरपालिकाले आफ्नो कार्यसम्पादनका सिलसिलामा गठन गरेका जुनसुकै समिति वा उपसमिति वा सल्लाहकार समिति वा कार्यदलका सदस्यहरू समेत सम्झनुपर्छ ।

(झ) “सभा” भन्नाले व्यास नगरपालिकाको नगर सभा सम्झनुपर्छ ।

(ञ) “प्रमुख” भन्नाले व्यास नगरपालिकाको नगर प्रमुख सम्झनुपर्छ ।

(ट) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले व्यास नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ठ) “खरिदबिक्री” भन्नाले कृषकहरुको समूह वा कृषकद्वारा कृषि उत्पादन खरिद गरी बजारमा बिकी गर्ने कार्य सम्झनुपर्छ ।

(ड) “कोष” भन्नाले यस कार्यविधि बमोजिम कृषि व्यवसाय व्यवस्थापनका लागि स्थापना गरिएको कोष सम्झनुपर्छ ।

(ढ) “संचालन समिति” भन्नाले यस कार्यविधि बमोजिम कृषि व्यवसाय प्रवर्द्धन तथा व्यवस्थापन समिति सम्झनुपर्छ ।

(ण) “बिऊ पूँजी” भन्नाले कृषिकहरुलाई बिऊको रुपमा प्रदान गरिने अनुदान रकम सम्झनुपर्छ ।

३. **कार्यविधिको उद्देश्यः** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछः

(क) नगरपालिका क्षेत्रभित्र रहेका कृषि तथा पशुपालन व्यवसाय गर्ने स्थानको पहिचान गर्न सहयोग पुर्‍याउनु

(ख) स्थानीय स्तरको उत्पादन क्षमता तथा गुणका आधारमा कृषि उत्पादनलाई बढवा गर्नका लागी सहयोग पुर्‍याउनु ।

(ग) स्थानीय स्तरमा कृषि तथा पशुजन्य बस्तुको उत्पादन वृद्धि गर्ने र उत्पादित बस्तुलाई खरिदबिकी समुहको माध्ययमद्धारा बजारीकरण गर्न सहयोग पुर्‍याउनु ।

(घ) नगरवासी तथा आम नागरिकलाई स्वच्छ, सफा र बिषादी मुक्त कृषि उत्पादन उपयोग गर्ने वातावरण सृजना पुऱ्याउनु ।

(ङ) नगरपालिका अर्न्तगत ग्रामीण क्षेत्रका कृषकहरुलाई सिप, क्षमता तथा आधुनीक प्रविधि हस्तान्तरण गरि व्यवसायिक बनाई स्वरोजगार सिर्जना गरी गरिवी न्यूनिकरणमा सहयोग पुऱ्याउनु ।

(च) व्यास नगरपालिकाको भू-उपयोगलाई प्राथमिकतामा राखी जमिनको स्वरुप अनुसार व्यवसायिक कृषि उत्पादनलाई प्राथमिकतामा राखी कार्यक्रमहरु सञ्चालन गरी नगरपालिकालाई कृषि उत्पादनमा आत्मनिर्भर बनाउनु ।

(छ) कृषकहरुको उत्पादनलाई संकलन गर्न बजार व्यवस्थापनको आवश्यक प्रबन्ध मिलाउने ।

(ज) कृषि उत्पादनलाई बढवा गर्न विशेषज्ञ सेवा दिने संघ संस्था वा व्यक्तिको सेवालाई प्रवर्द्धन एवं सहयोग पुर्याउने ।

(झ) व्यास नगरपालिका भित्रको खेतीयोग्य जमिन बाँझो राख्ने अवस्थालाई निरुत्साहित गरी त्यस्ता जग्गाहरुको लगत लिई नगरपालिकाले बाँझो नराख्ने गरी आवश्यक व्यवस्था मिलाउने ।

## परिच्छेद-२
## कृषि व्यवसाय प्रवर्द्धन तथा व्यवस्थापन गर्न समिति सम्बन्धी व्यवस्था

४. **समिति गठनः** (१) नगर स्तरको कृषि व्यवसाय प्रवर्द्धन तथा व्यवस्थापन गर्नका लागि देहाय बमोजिमको एक समिति गठन गरिनेछ । उक्त समितिमा देहाय बमोजिमका पदाधिकारीहरु रहनेछन्:

| | |
|---|---|
| (क) नगर प्रमुख | -अध्यक्ष |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| (ग) नगर स्तरीय कृषि समितिका अध्यक्ष | -सदस्य |
| (घ) नगर कार्यपालिका सदस्यहरु मध्ये एक जना | -सदस्य |
| (ङ) नगरपालिका पशु तथा कृषि विकास शाखा/उपशाखा प्रमुख | -सदस्य |
| (च) समितिले मनोनयन गरेको कृषि विज्ञ एक जना | -सदस्य |
| (छ) समितिले मनोनयन गरेको व्यवसायिक कृषक मध्ये दुई जना | -सदस्य |
| (ज) नगरपालिकाको कृषि शाखा/उपशाखा प्रमुख एक जना | -सदस्य सचिव |

(२) माथि उल्लेखित समिति बाहेक सम्बन्धित क्षेत्रको विशेषज्ञ तथा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । समितिले आवश्यक ठानेमा माहतमा रहने गरी उप-समिति वा अध्ययन समिति गठन गर्न सक्नेछ ।

(४) समितिको सचिवालय नगरपालिकाको कृषि तथा पशु विकास उपशाखामा रहनेछ ।

५. **कृषि व्यवसाय प्रवर्द्धन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः** यस कार्यविधिमा अन्यत्र व्यवस्था भएदेखि बाहेक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) कृषि सम्बन्धी नगर क्षेत्रको तथ्यांक संकलन गर्ने वा गर्न लगाउने,

(ख) कृषि उत्पादनका लागि कृषि गुरुयोजना निर्माण गरी योजना कार्यन्वय गर्ने र गर्न लगाउने,

(ग) कृषि व्यवसाय प्रवर्द्धनका लागि प्रदेश तथा संघीय सरकारसँग समन्वय र सहकार्य गर्ने,

(घ) कृषि व्यवसाय प्रवर्द्धन तथा व्यवस्थापनका लागि आवश्यक बजेटको व्यवस्था मिलाउने वा कोषमा रकम जम्मा गर्ने व्यवस्था मिलाउने,

(ङ) कृषि व्यवसाय प्रवर्द्धन तथा व्यवस्थापनका लागि कृषहरुका लागि सिप,प्रबिधि तथा बिउँपूजीको उचित वितरण गर्न आवश्यक प्रवर्द्धनात्मक कार्यहरु गर्ने,

(च) नगर स्तरमा दर्ता भई संचालन भएका कृषि सम्बन्धी व्यवसायीहरुलाई कार्यविधिको दफा ६ (ग) बमोजिम अनुदान उपलब्ध गर्ने,

(छ) कृषि तथा पशु व्यवसाय प्रवर्द्धन तथा विकासका लागि टोल टोलमा कृषि सम्बन्धी सामाजिक परिचालन गर्ने व्यवस्था मिलाउने,

(ज) कृषि सम्बन्धी संकलन केन्द्र, हाटबजार तथा खुद्राबजार लगायतका अन्य ठूला आयोजनाको सञ्चालन, संरक्षण, मर्मत र सम्भार गर्ने व्यवस्था मिलाउने,

(झ) कृषि व्यवसाय प्रवर्द्धन तथा व्यवस्थापन सम्बन्धी स्थापना भएको कोषमा बजेटको व्यवस्था गर्ने,

(ञ) स्थानीय कृषकहरुबाट उत्पादित विभिन्न जातका बिउहरु सङ्कलन गर्ने, बिउ बैंक स्थापना गर्ने ।

(ट) कृषकहरुलाई विशेषज्ञ, अनुभवी किसानहरुको अनुभव प्रचार प्रसार गर्ने गराउने ।

(ठ) कृषकहरुलाई सम्मान र नेतृत्व प्रदान गर्न, कृषि अध्ययन अनुसन्धान केनद्रको सवलीकरण गर्न, कृषि पर्यटनको विकास गर्न, कृषि विकासलाई विकेन्द्रीकरण गर्न, कृषि व्यवसायलाई संस्थागत गर्दै "आत्मनिर्भर व्यास नगरपालिका" स्थापना गर्न संघ, प्रदेश र स्थानीय सरकारको सहयोग प्रदान गर्ने ।

(ड) कृषि व्यवसाय प्रवर्द्धन तथा व्यवस्थापनको वार्षिक योजना तयार गर्ने तथा गर्न लगाउने,

(ढ) विभिन्न विषयगत क्षेत्रको निर्देशिका बनाई कार्यपालिका बैठकमा पेश गर्ने ।

(ण) नगरपालिकाले तोके बमोजिमको अन्य कार्य गर्ने ।

६. **कृषि व्यवसाय प्रवर्द्धन तथा व्यवस्थापनका लागि सुविधा सम्बन्धी व्यवस्थाः** (१) कृषि व्यवसाय प्रवर्द्धन तथा व्यवस्थापन समितिले कृषि व्यवसायीहरुलाई अनुसूची १ अनुसार अनुदान रकम माग गरेमा देहायको सुविधा प्रदान गर्न नगरपालिकामा सिफारिस गर्न वा आफूले स्थापना गरेको कोषबाट दिन सक्नेछः

**क. सिप एवं क्षमता विकास, कृषि सामग्री एवं भौतिक पूर्वाधार सम्बन्धी सुविधाः**

१) स्थानीय निकासी कर शुल्कको छुटका लागि नगरपालिकामा सिफारिस गर्न सक्नेछ,

२) कृषि व्यवसाय गर्ने कृषक, कृषक समूह तथा कृषि सहकारीलाई सिप तथा क्षमता सम्बन्धी तालिम प्रदान गर्न सक्नेछ,

३) कृषि व्यवसाय गर्ने कृषक, कृषक समूह तथा कृषि सहकारीलाई व्यवसाय प्रवर्द्धनका लागि बिउँपूजी प्रदान गर्न सक्नेछ । जस्तैः कृषि सडक, संकलन केन्द्र, सिंचाई सुविधा, कृषि उपज सङ्कलन गर्ने, यातायातको साधन आदि,

४) कृषि व्यवसाय गर्ने कृषक, कृषक समूह तथा कृषि सहकारीलाई व्यवसाय प्रवर्द्धनका लागि ढुवानी तथा यान्त्रिक उपकरणका लागि अनुदान प्रदान गर्न सक्नेछ, जस्तैः मल, बिऊँ, स्प्रिमेशिन, क्रेट, ढुवानीका स-साना साधन आदि,

५) कृषि व्यवसाय गर्ने कृषक, कृषक समूह तथा कृषि सहकारीलाई व्यवसाय प्रवर्द्धनका लागि कुनै वित्तीय संस्था वा कुनै ऋण लगानी गर्ने निकायसँग समन्वय गरी ऋण प्रदानका लागि पहल गर्न सक्नेछ । जस्तैः बैंक, सहकारीहरु, नगरपालिका साझेदारी विकास कोष र नगरपालिका कृषि विकास कोष आदिबाट ऋण सिफारिस गर्न सक्नेछ । यसरी प्रदान गर्ने ऋण उक्त संस्थाको नियमानुसार धितो राखी वा नराखी ऋण उपलब्ध गराउन बाधा पर्ने छैन,

**ख. बिऊँ पूँजी सम्बन्धी सुविधाः**

१) कृषि व्यवसायीहरुले आफ्नो कृषि उत्पादन क्षेत्रबाट बजारसम्म ओसारपसार गर्नका लागि यातायतको सुविधा नभएमा कृषि सडक अर्न्तगत प्राविधिकको लागत इष्टिमेटका आधारमा बढीमा ८० प्रतिशत बिऊँ पूँजी उपलब्ध गराउन सकिनेछ ।

२) कृषि तथा पशु सम्बन्धी परियोजनाको लागि कृषि संकलन केन्द्र, साप्ताहिक हाट जस्ता आम कृषकहरु र उपभोक्तालाई प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा फाइदा पुग्ने भौतिक निर्माण जस्ता योजनाहरुमा प्राविधिकद्वारा गरिएको लागत इष्टिमेटको बढीमा ८० प्रतिशतसम्म रकम बिऊँ पूँजी उपलब्ध गराउन सकिनेछ ।

३) नगरपालिका कार्यालयद्वारा टेण्डर तथा कोटेशनका आधारमा खरिद ऐन नियमानुसार गरिने कार्यमा लागत सहभागिता रहने छैन ।

**ग. अनुदान रकम सम्बन्धी सुविधाः**

१) कृषि तथा पशु सम्बन्धी परियोजनाको लागि कृषि औजार वा उपकरण खरिद गर्नुपर्ने भएमा लागत इष्टिमेटको बढीमा ५० प्रतिशतसम्म अनुदान रकम उपलब्ध गराउन सकिनेछ ।

२) कृषक, कृषक समूह तथा कृषि सहकारीलाई एक आर्थिक वर्षमा बढीमा तीन लाख रुपैयाँसम्म व्यवसायका लागि अनुदान रकम प्रदान गर्न सकिनेछ । यसरी प्रदान गरिने अनुदान रकम निजको लगानी तथा व्यवसायिक योजना (Business Plane) पेश गरेको आधारमा कुल लागतको बढीमा ५० प्रतिशतसम्म अनुदान प्रदान गर्न सकिनेछ ।

३) कृषि उपज खरिद बिक्री समूहका लागि निजको व्यवसाय विस्तार तथा खरिद बिक्री कार्यका लागि लागत अनुमानको बढीमा ५० प्रतिशत अनुदान रकम प्रदान गर्न सकिनेछ ।

## परिच्छेद ३
## कोषको स्थापना तथा संचालन

७. **कोषको स्थापनाः** (१) कृषि व्यवसाय प्रवर्द्धन तथा व्यवस्थापन गर्नका लागि एक अलग्गै कृषि व्यवसाय प्रवर्द्धन तथा व्यवस्थापन कोष स्थापना गरिनेछ। कोषको खाता नगरपालिकाले तोकेको बैंकमा खोलिनेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना गरिएको कोषमा देहाय बमोजिमको रकम रहनेछः

(क) संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त रकमहरु,
(ख) नगरपालिकाबाट प्राप्त रकम,
(ग) नेपाल सरकारबाट विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ संस्थासँग सम्झौता गरी स्थानीय तहमा विनियोजित रकम वापत प्राप्त रकम,
(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम,

(३) उपदफा (१) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नु अघि संघीय अर्थ मन्त्रालयको स्वीकृति प्राप्त लिनु पर्नेछ ।

८. **कोष संचालनको व्यवस्थाः** (१) नगरपालिकाको नीति, प्रचलित कानून तथा यसै कार्यविधिमा लेखिए बमोजिम कृषि व्यवसायको प्रवर्द्धन गर्नका लागि कोषको रकम खर्च गरिनेछ ।

(२) समिति तर्फबाट गरिने सम्पूर्ण खर्चको लेखा राख्ने काम नगरपालिका लेखा शाखाबाट गरिनेछ ।

(३) कोषको खाता प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुने गरी खोलिनेछ ।

९. **लेखा र लेखापरीक्षणको व्यवस्थाः** (१) कोषको सम्पूर्ण आय व्ययको लेखा प्रचलित कानुन बमोजीम नगरपालिका आर्थिक प्रशासनले राख्नु पर्नेछ ।

(२) कोषको आन्तरिक लेखा परीक्षण नगरपालिकाको आन्तरिक लेखा परीक्षण शाखाले गर्नेछ। त्सयैगरि अन्तिम लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ।

## परिच्छेद ४
## कृषि व्यवसाय दर्ता, नविकरण तथा विमा सम्बन्धी व्यवस्था

१०. **कृषि व्यवसाय दर्ता सम्बन्धी व्यवस्थापनः** (१) नगरपालिका क्षेत्र भित्रका कुनै पनि कृषि तथा पशु व्यवसाय गर्ने व्यक्ति, समूह वा कृषि सहकारीद्वारा देहायका प्रमाण सहित आवश्यक प्रक्रिया पुरा गरी आएमा नगरपालिका कृषि तथा पशु विकास शाखामा व्यवसाय, फर्म वा समूह दर्ता गरी प्रमाण पत्र उपलब्ध गराइनेछः

**(क) एकल व्यवसाय दर्ता गर्नका लागि आवश्यक प्रकियाः**

(१) कुनैपनि नेपाली नागरिक भई नागरिकता प्रमाण पत्र भएको व्यक्ति,
(२) नगरपालिका भित्र आफ्नो वा कसैको कम्तीमा तीन रोपनी जग्गा भाडामा लिएको प्रमाण भएको,

(३) नगरपालिका कृषि व्यवसाय प्रवर्द्धन तथा व्यवस्थापन समिति मार्फत क्षमता विकास र सिप विकास सम्बन्धी कम्तीमा तीन दिनको तालिम लिएको प्रमाण भएको,
(४) कृषि तथा पशु सम्बन्धी अनुसूची २ मा भएको व्यवसाय मध्ये कम्तीमा कुनै एक व्यवसाय गर्ने प्रतिवद्धता पेश भएको,
(५) कृषि एव पशु प्रविधि वा सामाजिक परिचालकको स्थलगत रुपमा निरीक्षण गरेको राय सिफारिस भएको,
(६) जग्गा भएको वा व्यवसाय गर्ने सम्बन्धित वडा कार्यालयको व्यवसाय दर्ता गर्ने सिफारिस पत्र भएको,

**(ख) समूहगत व्यवसाय दर्ता गर्नका लागि आवश्यक प्रकिया:**

(१) दुई वा दुई भन्दा बढी व्यक्तिहरु एक आपसमा मिली समूह निर्माण गरी कृषि तथा पशु सम्बन्धी अनुसूची २ मा भएको व्यवसाय मध्ये कम्तीमा कुनै एक व्यवसाय गर्ने प्रतिवद्धता पेश भएको,
(२) समूह गठन भएको निर्णय एवं सामुहिक कामको प्रतिवद्धता साथै नाफा नोक्सानको सामुहिक निर्णय भएको,
(३) नगरपालिका भित्र सदस्यहरुको आफ्नो वा कसैको कम्तीमा पाँच रोपनी जग्गा भाडामा लिएको प्रमाण भएका,
(४) नगरपालिका कृषि व्यवसाय प्रवर्द्धन तथा व्यवस्थापन समिति मार्फत क्षमता विकास र सिप विकास सम्बन्धी कम्तीमा तीन दिनको सबै सदस्यहरुले तालिम लिएको प्रमाण भएको,
(५) कृषि एवं पशु प्रविधि वा सामाजिक परिचालकको स्थलगत रुपमा निरीक्षण गरेको राय सिफारिस भएको,
(६) जग्गा भएको वा व्यवसाय गर्ने सम्बन्धित वडा कार्यालयको व्यवसाय दर्ता गर्ने सिफारिस पत्र भएको,
(७) समूहका सबै सदस्यहरुको नेपाली नागरिकताको प्रमाण पत्र,

**(ग) कृषि फर्म व्यवसाय दर्ता गर्नका लागि आवश्यक प्रकिया:**

(१) कुनैपनि नेपाली नागरिक भई नागरिकता प्रमाण पत्र भएको व्यक्ति,
(२) नगरपालिका भित्र आफ्नो वा कसैको कम्तीमा दश रोपनी जग्गा कम्तीमा पाँच वर्षसम्म भाडामा लिएको प्रमाण भएको,
(३) नगरपालिका कृषि व्यवसाय प्रवर्द्धन तथा व्यवस्थापन समिति मार्फत क्षमता विकास र सिप विकास सम्बन्धी कम्तीमा ३ दिनको तालिम लिएको प्रमाण भएको,
(४) कृषि तथा पशु सम्बन्धी अनुसूची २ मा भएको व्यवसाय मध्ये कम्तीमा कुनै एक व्यवसाय गर्ने प्रतिवद्धता पेश भएको,
(५) कृषि एव पशु प्रविधि वा सामाजिक परिचालकको स्थलगत रुपमा निरिक्षण गरेको राय सिफारीस भएको,
(६) जग्गा भएको वा व्यवसाय गर्ने सम्बन्धीत वडा कार्यालयको व्यवसाय दर्ता गर्ने सिफारीस पत्र भएको,

## परिच्छेद ५
## कृषि व्यवसाय प्रवर्द्धन तथा व्यवस्थापनको अनुगमन तथा सुपरिवेक्षण

**११. सुपरिवेक्षण तथा अनुगमनः** (१) नगर क्षेत्रमा दर्ता भई अनुदान तथा बिऊँ पूँजी वितरण गरिएका आयोजना तथा कृषि व्यवसायीहरुको स्थलगत रुपमा अनुगमन तथा सुपरीवेक्षण गरी कृषि व्यवसाय प्रवर्द्धन तथा व्यवस्थापन समितिलाई लगानीका आधारमा अनुगमन गरी प्रतिवेदन दिनका लागि देहाएको अनुगमन तथा सुपरीवेक्षण समिति गठन हुनेछः

(क) नगर उपप्रमुख - अध्यक्ष
(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
(ग) नगर कार्यपालिका सदस्यहरु मध्ये दुई जना - सदस्य
(घ) नगरपालिका कृषि/पशु विकास शाखाका प्राविधिक एक - सदस्य
(ङ) प्रमुख प्रशासकीय अधिकृतले तोकेको योजना शाखाको प्राविधिक एक -सदस्य
(च) नगरपालिकाको कृषि/पशु शाखा प्रमुख - सदस्य सचिव

**१२. सुपरिवेक्षण तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकारः** (१) यस कार्यविधिमा अन्यत्र व्यवस्था भएदेखि बाहेक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) कृषि व्यवसाय सम्बन्धी अनुदान तथा बिउँ पूँजीको वितरीत रकमको उपयोगिताको अनुगमन गर्ने,

(ख) कृषकहरुको समस्याको अध्ययन गरी मुल समितिमा जानकारी गराउने,

(ग) कृषि व्यवसाय प्रवर्द्धनका लागि प्रदेश तथा संघीय सरकार र स्थानीय सरकारबाट प्राप्त भएको अनुदानको उपयोगिताको र सदुपयोग भए नभएको अध्ययन गर्ने,

(घ) कृषि व्यवसाय प्रवर्द्धन तथा व्यवस्थापनका लागि आवश्यक बजेटको व्यवस्था भए बमोजिम लागत इष्टिमेट बमोजिम काम भए नभएको अध्ययन गरी लिखित सुझाव तथा सल्लाह प्रदान गर्ने,

(ङ) कृषि व्यवसाय प्रवर्द्धन तथा व्यवस्थापनका लागि कृषहरुका लागि सिप, प्रविधि तथा बिउँ पूँजीको उचित वितरण तथा तोकिएको कार्य भए नभएको प्रतिवेदन मुल समितिमा पेश गर्ने,

(च) अन्य आवश्यक कार्य गर्न लगाउने,

(छ) अनुगमन मूल्याङ्कन गर्दा छानिएका आयोजनाहरुमा प्राविधिक परीक्षण (Technical Audit) समेत गराउन सकिने छ। यस्तो प्राविधिक परीक्षण गर्दा आयोजनामा संलग्न नभएका प्राविधिकहरुबाट गराइनेछ,

(ज) आयोजनाको सम्झौता अनुसार गर्नुपर्ने कार्य वा राख्नुपर्ने विवरण राखे वा नराखेको,

(झ) कृषकबाट सम्पादन हुँदै गरेका र सम्पादन भैसकेका कार्यको अनुगमन तथा मूल्यांकन कार्यविधि अनुरुप निरन्तर अनुगमन मूल्यांकन गर्नुपर्दछ। यसको आधारमा उत्कृष्ट कार्य गर्ने कृषक, कृषक समूह तथा सहकारीलाई पुरस्कार र सन्तोषजनक काम नभएमा नगरपालिकाको सहयोग फिर्ता लिई कानून बमोजिम जरिवाना गर्न सिफारिस गर्ने।

## परिच्छेद ६
## विविध

१३. **प्रचलित कानून अनुसार हुने**: (१) कृषि व्यवसाय प्रवर्द्धन तथा व्यवस्थापन समितिद्धारा सञ्चालन गरिने आयोजना वा कार्यक्रम सम्बन्धी व्यवस्था यस कार्यविधिमा उल्लेख भएकोमा यसै बमोजिम र अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

**१४. संशोधन र खारेजी:** (१) यस कार्यविधिको संशोधन, परिमार्जन वा खारेजी समितिको सिफारिसमा नगर कार्यपालिकाबाट हुनेछ ।

(२) कृषिसँग सम्बद्ध अन्य विषयहरुमा विषयगत निर्देशिका बनाई लागु गर्न सकिने छ ।

(३) यस कार्यविधिमा लेखिएका कुराहरु स्थानीय सरकार संचालन ऐन, २०७४, सम्बद्ध ऐन बमोजिम हुने र त्यस्तो ऐनसँग बाँझिएमा बाँझिएको हदसम्म कार्यविधिको प्रावधान स्वतः निस्कृय हुनेछ ।

## अनुसूची १
## (दफा ६ (१) सँग सम्बन्धित)

अनुदान माग आवेदन फाराम

## व्यास नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

मितिः२० । । .

श्रीमान नगर प्रमुखज्यू
व्यास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
दमौली, तनहुँ, गण्डकी प्रदेश ।

विषयः अनुदान रकम माग सम्बन्धमा ।

व्यास नगरपालिको कृषि व्यवसाय प्रवर्द्धन तथा व्यवस्थापनमा आधारित कार्यक्रम अन्तर्गत निम्न स्थानको तपसिल बमोजिम विवरण भएका मेरो/हाम्रो कृषि सम्बन्धी व्यवसायलाई अनुदान रकम उपलब्ध गराई दिनका लागि निवेदन गरेका छौं । अनुदान रकम स्वीकृत पछि नगरपालिकाको निर्णयानुसार सञ्चालन गर्ने प्रतिवद्धता समेत यसै निवेदनबाट जाहेर गर्दछु/छौ ।

**तपसिलका विवरणहरु**

(१) कृषि आयोजनाको नामः ...........................................

एकल/समूह/सहकारी

(२) ठेगानाः वडा नं. .....टोलः ..............................

(३) आयोजनाको प्रकृतिः :.बिऊँ पूँजी/अनुदान.

(४) आयोजनाको व्यवसायी लागतः रु. ........

(५) प्राविधक इष्टिमेटः रु,

(६) आयोजनाको र आयोजना स्थलको हालको अवस्थाः .................................

(७) व्यवसाय दर्ता मिति र दर्ता नम्बरः.

(८) व्यवसायमा संलग्न सदस्यहरुः (क) महिलाः ....जना (ख) पुरुषः .... जना गरी जम्माः ... जना

(९) व्यवसायको प्रकृतिः नयाँ/पुरानो

(१०) अध्यक्ष वा प्रोपाइटरको नामः ......................................................

(११) आफनो लगानी (क) रु. ............. (ख) माग गरिएको अनुदान रु. ........ जम्मा रु.....

निवेदक

नामः
ठेगानाः
सम्पर्क नंः

अनुसूची २

**(दफा १० को उपदफा (१) सँग सम्बन्धित)**

**कृषि व्यवसाय प्रवर्द्धन तथा व्यवस्थापनका लागि देहायका व्यवसायहरु रहने छन्:**

(१) खाद्यान्न बालीहरुः- धान, मकै, कोदो, गहूँ,
(२) बागबानी बालीहरुः- फलफूल, तरकारी, च्याउ, मसलाबाली, पुष्प, कफी, अलैची, उखु,
(३) पशुपंक्षी पालनः- मौरी, माछा, भैसी, गाई, बाख्रा, बँगुर, सुँगुर, कुखुरा, लगायतका पंक्षीहरु
(४) पशुजन्य उत्पादनको प्रशोधन उद्योगः- दुग्ध, दही, घिउ, मह, खुदो, सुकुटी, पनिर, चक्लेट
(५) खेती प्रणालीमा समाविष्ट कृषि तथा पशुजन्य वस्तुहरु ।

आज्ञाले
दिनेश राज पन्त
प्रमुख प्रशासकीय अधिकृत